दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३४ | बुटवल | २०८३ बैशाख ३१ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday May 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


# विपक्षीले मागे प्रधानमन्त्रीको राजीनामा माग




बुटवल । विपक्षी सांसदहरूले संसद्मा प्रधानमन्त्री बालेन शाहको राजीनामा माग गरेका छन् । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको जवाफमा उपस्थित नभएको भन्दै विपक्षीहरूले राजीनामा माग गरेका हुन् ।

नीति तथा कार्यक्रममाथि प्रधानमन्त्रीले दिनुपर्ने जवाफ अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले दिन लागेपछि विपक्षीले अवरोध गरेका हुन् ।

उनीहरूले प्रधानमन्त्रीको खोजी गर्दै विरोध गरेका हुन् ।

मुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदनमा प्रधानमन्त्री बालेन्द्र शाहलाई खोजेको छ । बिहीबार बसेको प्रतिनिधिसभाको बैठकमा बोल्दै सचेतक निश्कल राईले सदनमा प्रधानमन्त्री अनुपस्थित भएकोप्रति असन्तुष्टि जनाए ।

उनले प्रधानमन्त्रीलाई नीति तथा कार्यक्रम छलफल हुने बैठकमा सहभागी हुन रुलिङ गर्न सभामुखसँग माग गरे । हिजो आफ्नो दलको नेताले प्रधानमन्त्रीको स्वास्थ्य अवस्थाबारे जानकारी गराउन माग गरेको स्मरण गरे ।

नीति तथा कार्यक्रममाथि सांसदहरूको प्रश्नको प्रधानमन्त्रीले जवाफ दिने भनिए पनि उनी उपस्थिन नहुने भएका छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जवाफ दिनेगरी कार्यसूची संशोधन गरिएको छ ।

नेकपाका प्रमुख सचेतक युवराज दुलालले संसद्मा प्रधानमन्त्रीको आवाज सुन्न पाउनुपर्ने माग गरेका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै संसद् नियमावलीको धारा ३८ लाई आधार बनाएर प्रधानमन्त्री निरन्तर संसद्मा अनुपस्थित रहने अवस्था स्वीकार्य नहुने बताए ।

उनले भने- 'यो गरिमामय संसद्मा आवाज सुन्न पाउनुपर्छ भन्ने हाम्रो माग हो । प्रधानमन्त्रीको कार्यकाल संविधानअनुसार पाँच वर्षको हो । के पाँच वर्षसम्म नियमावलीको धारा ३८ देखाएर प्रधानमन्त्रीको एउटा पनि आवाज संसद्मा सुन्न नपाउने हो ?'

नियमावलीको व्यवस्था विशेष परिस्थितिमा मात्रै प्रयोग गर्नुपर्ने भन्दै त्यसलाई नियमित अभ्यास बनाइनु संविधानको भावनाविपरीत हुने बताए । संविधानको धारा ७६(१०) अनुसार प्रधानमन्त्री र मन्त्रीहरू संघीय संसद्प्रति उत्तरदायी रहने व्यवस्था रहेको भन्दै त्यसको खिल्ली उडाउन नहुने बताए । उनले सिङ्गो सदन र जनताले प्रधानमन्त्रीको आवाज सुन्न चाहिरहेको बताए ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संसद्लाई औपचारिकतामा मात्र सीमित गर्न खोजेपछि आफूहरूले विरोध जनाएको बताएका छन् ।

बुधबार प्रतिनिधिसभा बैठक बहिष्कार गरेर बाहिरिएपछि सञ्चारकर्मीसँग कुरा गर्दै साम्पाङले संसद् मनखुसी चलाइरहेको र औपचारिकतामा मात्र सीमित गर्न खोजेपछि आफूहरूले विरोध जनाएको बताए ।

आफूहरूसँग जनताका प्रश्नहरू रहेकाले देशको प्रधानमन्त्रीले त्यसको जवाफ दिनुपर्ने उनले बताए । नीति तथा कार्यक्रमको अध्ययनका लागि पनि पर्याप्त समय नछुट्याइएको भन्दै उनले जबरजस्ती संसदलाई अघि बढाउन खोजको आरोप लगाए । उनले सरकारको क्रियाकपाललाई अब जनताले मूल्यांकन गर्ने पनि बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानबहादुर शाहीले प्रधानमन्त्रीका लागि नीति तथा कार्यक्रमभन्दा महत्वपूर्ण कार्यसूची के रहेछ भन्दै प्रश्न उठाएका छन् ।

सरकरको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै गर्दा बैठक प्रधानमन्त्रीले बैठक छाडेर हिँड्नु तथा छलफलमा सहभागी नहुनु र जवाफ दिन नआउनु संसद र सभामुखको पनि अपमान भएको उनले बताए । उनले यस्तो गम्भीर विषयमा उपस्थितिका लागि प्रधानमन्त्रीलाई रुलिङ गर्न माग गरे । सत्तापक्षले नै जिम्मेवार भएर प्रधानमन्त्रीलाई उपस्थितिका लागि पहल गर्नुपर्ने शाहीको भनाइ छ ।

विपक्षीको अवरोधपछि प्रतिनिधि सभाको बैठक स्थगित भएको छ ।

विपक्षी दलले सदनमा प्रधानमन्त्री बालेन शाहलाई खोज्दै अवरोध गरेपछि बुधबारसम्मका लागि बैठक स्थगित गरिएको हो ।

सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि छलफल गर्दा सदनमा प्रधानमन्त्री उपस्थित हुनुपर्ने र उठेको प्रश्नको जवाफ दिनुपर्ने अडान विपक्षीले राखेका छन् ।

प्रधानमन्त्री बालेनले आफ्नोतर्फबाट उठेका प्रश्नको जवाफ दिन अर्थमन्त्री स्वर्णिम वाग्लेलाई अघि सारेपछि विपक्षीले आपत्ति जनाएका हुन् ।

सभामुख डीपी अर्यालले पटक पटक आग्रह गर्दा पनि विपक्ष सहमत नभएपछि बुधबार बिहान ११ बजेसम्मलाई बैठक स्थगित गरे ।

उनले सदन सञ्चालनको लागि प्रधानमन्त्रीसँग आफैँ संवाद गर्ने जनाएका छन् ।

## प्रधानमन्त्रीको कार्यशैलीको सडकमा विरोध



बुटवल । संसदमा प्रधानमन्त्रीको खोजी भइरहेको बेला सडकमा पनि युवाहरूले सरकार र बालेनको कार्यशैलीलाई लिएर विरोध प्रदर्शन गरेका छन् ।

मुखमा कालो टेप लगाएका युवाहरूले बोल्न नदिने सरकार र बोल्दै नबोल्ने प्रधानमन्त्रीको नियत तथा गैरजिम्मेवार प्रवृत्ति देखाएको भन्दै विरोध जनाएका हुन् ।

युवाहरूले प्रधानमन्त्रीज्यू तपाईंको मूल्य कति हो ? मलाई बोल्न दे सरकार !, बोल माया एक बचन बोल, तिम्रै बोली छ हामीलाई अनमोल जस्ता नारा अंकित प्लेकार्ड बोकेका थिए ।

## जेठ ३ मा बुटवलमा सुकुम्वासी र अव्यवस्थित बसोवासीको राष्ट्रिय सम्मेलन




बुटवल । सार्वजनिक जग्गा संरक्षणको नाममा रास्वपा नेतृत्वको सरकारले डोजर आतंक मच्चाएको भन्दै अव्यवस्थित बसोवासी तथा भूमिहीन सुकुम्वासीले आन्दोलनलाई थप चर्काउने भएका छन् । काठमाडौंसहित देशका विभिन्न ठाउँमा सरकारले डोजर लगाएर वर्षौंदेखि बसेको बस्ती खाली गर्न थालेपछि भूमिहीन/अव्यवस्थित बसोवासीले आगामी जेठ ३ गते बुटवलमा राष्ट्रिय सम्मेलन र विरोध प्रदर्शन गर्ने भएका छन् ।

भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समिति रुपन्देहीले जेष्ठ ३ गते बुटवलमा देशभरका भूमिहीन/अव्यवस्थित बसोवासीको राष्ट्रिय सम्मेलन तथा सरकारको विरोधमा वृहत् प्रदर्शन गर्न लागेको पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । सम्मेलन अघि बुटवल राजमार्ग चौराहाबाट ट्राफिकचोकसम्म प्रदर्शन हुने संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलले बताए ।

प्रदर्शनमा ३० हजार हजार बढीको उपस्थिति हुने संयाजक पौडेलले बताए । उक्त प्रदर्शनमा देशका २२ बढी जिल्लाबाट प्रतिनिधि तथा रुपन्देहीका १६ वटै स्थानीय तहहरुबाट उपस्थिति रहने उनले बताए ।

जेष्ठ ३ गते आयोजना हुने वृहत् प्रदर्शनपछि बुटवलमै राष्ट्रिय सम्मेलनको आयोजना गरी देशव्यापी रुपमा गरिने आन्दोलनको रणनीति तयार पारिने संयोजक पौडेलले बताए । राष्ट्रिय सम्मेलनका लागि विभिन्न उपसमितिहरु गठन गरी तयारी अन्तिम चरणमा पुगेको संघर्ष समितिले जनाएको छ । पत्रकार सम्मेलनमा संघर्ष समितिका सल्लाहकार वीरेन्द्र विकले उचित व्यवस्थापन बिना वर्षौंदेखि बसेको बस्ती हटाउने सरकारको कदम रोक्न दबाब दिन थप आन्दोलन र रणनीति बनाउन राष्ट्रिय भेला आयोजना गरिएको बताए ।

उनले भूमिसम्बन्धी कानुन परिवर्तन गर्नु अपरिहार्य रहेको भन्दै भू उपयोग नीति २०७६ अनुसार एक पटकलाई १० वर्षदेखि बसेको ठाउँको लालपुर्जा दिन विकले माग गरे । अब भूमिसम्बन्धी नीति निर्माण र निर्णय तहमा भूमिहीन र अव्यवस्थित बसोवासीको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने उनले बताए । संघर्ष समितिको आन्दोलनलाई रुपन्देहीका १२ विपक्षी दलले ऐक्यबद्धता जनाएका छन् ।

## मन्त्रालय संख्या घटाउँदै लुम्बिनी सरकार

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी साउन १ गतेदेखि कार्यान्वयन हुनेगरी मन्त्रालय संख्या घटाउने तयारी अघि बढाइएको बताएका छन् । प्रदेश विकास समस्या समाधान समितिको बैठकमा मुख्यमन्त्री आचार्यले नीति तथा कार्यक्रममा समावेश गरेर मन्त्रालय संख्या घटाउने प्रक्रिया अघि बढाइने जानकारी दिएका हुन् ।

उनले असार १५ देखि २० गतेभित्र मन्त्रालय मातहतका निर्देशनालय तथा कार्यालयहरूको समायोजन प्रक्रिया टुंग्याएर साउन १ गतेदेखि नयाँ संरचनाअनुसार काम अघि बढाइने बताए । प्रदेशमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय छन् । चालू खर्च घटाउने, प्रशासनिक संरचना चुस्त बनाउने र कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यले सरकारले यो कमलाई अघि बढाएको उनको भनाइ थियो । यसैगरी यातायात क्षेत्रको सेवा प्रवाहलाई सहज, चुस्त र सबैको पहुँचमा पुऱ्याउन जिल्लामा रहेका घरेलु कार्यालयबाट सेवा प्रवाहको प्रक्रिया अघि बढाउनेगरी प्रस्ताव तयार पार्न निर्देशन दिए । विकट जिल्लाका नागरिकहरुलाई यातायतको सेवा लिन समस्या रहेको बताउँदै उनले घरेलु कार्यालयबाट उक्त सेवाहरु प्रदान गर्नेगरी प्रक्रिया थाल्न निर्देशन दिए ।

यसैगरी मुख्यमन्त्री आचार्यले आगामी आर्थिक बर्षको बजेट जेठ २० गतेभित्र इन्ट्री गरिसक्न निर्देशन दिँदै बजेट निर्माणलाई यथार्थपरक, कार्यान्वयनमुखी र शून्य गल्ती हुनेगरी तयार गर्न आग्रह गरे । उनले बजेट निर्माण प्रक्रियामा बाह्य व्यक्तिको प्रवेश निषेध गरिएको स्पष्ट पार्दै कसैलाई खुसी पार्ने वा मन राख्ने नाममा योजना नराख्न निर्देशन दिए । 'कार्यान्वयन गर्न नसकिने योजना राखेर बजेट बन्दैन । वास्तविक अवस्थाभन्दा एक रुपैयाँ पनि बजेट बढ्दैन,' मुख्यमन्त्री आचार्यले भने-'यो कुरालाई मनन गरेर अघि बढ्न निर्देशित गर्दछु ।'

उनले पुराना दायित्व भुक्तानी, अधुरा आयोजनालाई सम्पन्न गर्नेगरी प्राथमिकताका साथ सम्बोधन गर्न तथा सम्पन्न हुन लागेका योजनालाई अघि बढाउन निर्देशन दिए । अधुरा कामले सरकारलाई गिज्याउने अवस्था आउन नदिन काम गर्ने तौरतरिका परिवर्तन गर्नुपर्नेमा उनले जोड दिए । सन्तुलित र समानुपातिक विकासलाई अझै प्राथमिकतामा राख्नुपर्ने आवश्यकता रहेको पनि उनले उल्लेख गरे । उनले भुगोल र जनसंख्यालाई आधार मानेर प्राथमिकता निर्धारण गर्न जोड दिए ।

बैठकमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, शहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, स्वास्थ्य मन्त्री खेमबहादुर सारु, सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरी, युवा तथा खेलकुद मन्त्री सन्तोषकुमार पाण्डे, आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाललगायतले प्राथमिकताका विषयमा धारणा राखेका थिए ।

शहरी विकास तथा खानेपानी मन्त्रालयका सचिव बासुदेव पौडेलले संघीय सरकारबाट हस्तान्तरण भएका खानेपानी आयोजनामा शून्य बजेट हुँदा समस्या उत्पन्न भएको बताए । उनका अनुसार करिब चार सय खानेपानी आयोजनाले समस्या भोगिरहेका छन् । सम्पन्न उन्मुख र प्रतिफल देखिने आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने उनको सुझाव थियो ।


» बाँकी ३ पेजमा



**मणिमुकुन्दका मणिहरुलाई हार्दिक बधाई**


सृजन आचार्य
GPA 4


शुसान्त अर्याल
GPA 4


निहार पौड्याल
GPA 4


अनन्त भण्डारी
GPA 4



**SEE परीक्षा २०८२ मा शतप्रतिशत विद्यार्थी उत्तीर्ण**

A+ सोनम विश्वकर्मा (3.86A+), शुसान्त कुँवर राना (3.78A+), रिजन राना (3.72A+), विश्वास श्रेष्ठ (3.71A+), प्रतिमा थारु (3.68A+), योग्यता ढकाल (3.67A+) शिबम गुप्ता (3.62A+), अबोध बम्रेल (3.61A+), आकाश श्रेष्ठ (3.61A+), अरुण खत्री (3.6A+)

A स्पर्श महतो (3.57A), कृष्टिना पाठक (3.56A), सदिक्षा विश्वकर्मा (3.56A). सुजेन थापा (3.56A), वर्ष न्यौपाने (3.55A), प्रज्ज्वल नेपाल (3.53A), सागर अर्याल क्षेत्री (3.53A), मेनुका थापा (3.51A), सपना बस्याल (3.49A), नवीना पन्थ (3.43A), दुर्गा पौडेल क्षेत्री (3.42A). कृष्णलाल वि.के. (3.3A), शुसान्त भण्डारी (3.26A)

B+ जेनिशा राना ( 3.19 B+), हर्षित सिंह (3.18 B+), दिपक श्रेष्ठ (3.12 B+ ), प्रशान्त सुनारी (3.11 B+), किस्मत अधिकारी (3.07 B+), हिरालाल कुर्मी (2.97B+), गौरवराज भण्डारी (2.93B+)

हरिप्रसाद पौड्याल
विद्यालय संयोजक

**मणिमुकुन्द सेकेन्डरी स्कुल/कलेज**
योगिकुटी, बुटवल-११, रुपन्देही
फोन नं. ०७१-४२०१५०, ९८०७७०२८८० E-mail:manimukundasecondaryschool@gmail.com

टुकबहादुर क्षेत्री
प्राचार्य

## सम्पादकीय

# एसईई नतिजाको सन्देश

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ६५ दशमलव ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको नतिजा सार्वजनिक गरेको छ। यसपाली अघिल्लो वर्षभन्दा ४ दशमलव १७ प्रतिशतले नतिजामा सुधार आएको हो। गत वर्ष ६१ दशमलव ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए।

एसईई परीक्षा भएको एक महिनामै नतिजा प्रकाशन गरेर बोर्डले सकारात्मक सन्देश दिएको छ। यसअघि परीक्षा भएको तीन महिनाभित्र नतिजा आउँथ्यो। महिनादिनभित्र नतिजा निकाल्न सरकारले दिएको निर्देशनअनुसार परीक्षा बोर्डले जुन रफ्तारमा काम गर्‍यो, नतिजा तोकिएको समयसीमाभित्रै निकाल्न सम्भव भयो। यो वर्ष परीक्षा केन्द्रमै कापी जाँच गर्ने व्यवस्था मिलाएकोले महिनाभित्रै नतिजा निकाल्न सम्भव भयो। परीक्षा केन्द्रमै कापी जाँचको काम आगामी दिनमा व्यवहारिक नहुन सक्छ। अहिले पनि कतिपय जटिलता देखिए। परीक्षा केन्द्र भएको विद्यालयमा कुनै विषयको जाँच गर्ने परीक्षक नै नपाइएको केन्द्राध्यक्षले गुनासो गरे। विद्यालयबिच अस्वस्थ प्रतिस्पर्धा भएकोले अविश्वास र आशंका गर्ने वातावरण बनेको छ। कुनै विषयमा विद्यार्थीको राम्रो ग्रेड नआउँदा पूर्वाग्रही बनेको जस्ता आरोप परीक्षा केन्द्र भएको विद्यालयले खेप्नुपरेको छ। कतिपय अवस्थामा कतिपय विद्यालय केन्द्र त्यस्तो आरोपलाई बल पुग्ने काम गरेको पनि देखिन्छ। कुन विद्यालयको कापी कहाँ कसले जाँच्दैछ भन्ने थाहा हुनु राम्रो होइन। त्यसो हो भने कक्षा ९ को झैं सम्बन्धित विद्यालयले जाँच लिने र जाँच्ने व्यवस्था मिलाए भयो। बरु अविश्वासको वातावरण अन्त्य गर्दै पारदर्शी नतिजा निकाल्न हरेक पालिकाको एउटा केन्द्रमा जाँच गर्ने, एउटा पालिकाको अर्को पालिकामा जाँच गर्ने व्यवस्था मिलाउन सकिन्छ। छरितो गर्ने विषय राम्रो हो, तर त्यसले विद्यालयबिच द्वन्द्व निम्तिने घटना हुन सक्ने बारेमा पनि नेतृत्व चनाखो बन्नुपर्छ।

आगामी वर्षदेखि कक्षा १० को परीक्षालाई प्रदेशस्तरीय बनाउनुपर्छ। प्रदेश सरकारलाई जिम्मा लिएर केन्द्रले बोझ घटाउन सक्नुपर्छ। त्यसो गर्न नसक्ने हो भने अहिले जुन ढंगले भयो, त्यो व्यवस्थालाई हटाएर विद्यालयबिच द्वन्द्व हटाउने गरी पालिकास्तरीय जाँचको व्यवस्था मिलाउँदा प्रभावकारी हुनसक्छ। छरितोसँगै विश्वसनीय वातावरण बन्दा शिक्षा क्षेत्रमा सुधारको ढोका खुल्छ। त्यसो त अब कक्षा १० लाई ठूलो जाँचको विषय बनाउनु हुँदैन। कक्षा १२ सम्म माध्यमिक विद्यालय मानिएकाले पहिले झैं एईईलाई ठूलो विषय बनाएर विद्यार्थीलाई त्रसित बनाउनु हुँदैन।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार सामान्य अङ्कले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव १५ अङ्कले ओरालो लागेर दुई हजार ७४० दशमलव २५ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अङ्कले ओरालो लागेर ४६७ दशमलव ५५ मा सीमित भएको छ। कूल ३३९ कम्पनीको ५६ लाख ४३ हजार २८८ कित्ता शेयर दुई अर्ब ८० करोड ७४ लाख ४६ हजार ३६१ रुपैयाँमा खरिद बिक्री भएको छ।

कारोबारका आधारमा एसवाई प्यानल नेपाल, रिडी पावर कम्पनी, साहस ऊर्जा, सोलु हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा छ।

यस्तै, एशियन हाइड्रोपावर, एसवाई प्यानल, हिमालयन बैंकको बण्ड, एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो र सेञ्चुरी डिवेञ्चरका लगानीकर्ताले कमाएका छन्। यस्तै, धौलागिरि लघुवित्त, झापा इनर्जी, सिटिजन बैंकको ऋणपत्र, रिज लाइन इनर्जी र आरबिबी फोकस-४० का लगानीकर्ताले सर्वाधिक गुमाएका छन्।

# उपभोक्तामैत्री बजारका लागि मूल्य पारदर्शिता



मावध तिमल्सिना

मूल्य पारदर्शिताको अवधारणा र यसको महत्व : मूल्य पारदर्शिता भन्नाले केवल वस्तुमा मूल्य टाँस्नु मात्र होइन, त्यो मूल्य कसरी निर्धारण भयो, त्यसको लागत संरचना के हो, कर कति लागेको छ, बिचौलियाको मार्जिन कति छ भन्ने सम्पूर्ण जानकारी उपभोक्तालाई उपलब्ध गराउनु हो। जब उपभोक्ताले वस्तुको मूल्यबारे पूर्ण जानकारी पाउँछ, तब मात्र उनीहरू सचेत निर्णय लिन सक्षम हुन्छन्। यस अभियानबाट बजार पूर्णरूपमा स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बन्छ।

नेपालका सन्दर्भमा मूल्य निर्धारण प्रक्रिया अझै पनि अपारदर्शी छ। उत्पादक, आयातकर्ता, थोक व्यापारी, खुद्रा व्यापारी- सबै तहमा मूल्य थपिँदै जाने भए पनि यसको स्पष्ट हिसाब सार्वजनिक हुँदैन। यसले उपभोक्तालाई भ्रममा पार्ने मात्र होइन, बजारमा कृत्रिम मूल्यवृद्धि गर्ने अवसर पनि सिर्जना गर्छ। त्यसलाई पूर्ण नियन्त्रण नियमन गर्न अनिवार्य मूल्यसूचि अधिकतम खुद्रा मूल्य स्पष्ट र ठुला अक्षरमा आमउपभोक्ताले देख्ने गरी टाँसिनु आवश्यक छ।

पारदर्शिता हुँदा उपभोक्ताले सस्तो र गुणस्तरीय वस्तु छनोट गर्न सक्छन्, जसले बजारमा प्रतिस्पर्धा बढाउँछ। प्रतिस्पर्धा बढ्दा व्यापारीलाई पनि मूल्य घटाउन र सेवामा सुधार ल्याउन बाध्य बनाउँछ। यसरी मूल्य पारदर्शिता केवल उपभोक्ता हित मात्र होइन, सम्पूर्ण आर्थिक प्रणालीको स्वास्थ्यसँग जोडिएको विषय हो। त्यसैले, मूल्य पारदर्शिता अभियान केवल साप्ताहिकभन्दा पनि नियमित प्रभावकारी पारदर्शी रूपमा वस्तु र सेवा बजारमा अनिवार्य गर्न आवश्यक छ।

**नेपालको बजार, संरचनात्मक समस्या र यथार्थ**

नेपालको बजारमा देखिएका समस्या सतही होइनन्, यी गहिरा संरचनात्मक कमजोरीका परिणाम हुन्। विगतदेखि नै नीतिगत कमजोरी भएका नियम कानुनको सशक्त कार्यान्वयनको अभावको फाइदा उठाएर बजारमा अराजकता बढ्दै गएको छ। यसलाई नियन्त्रण गर्न ऐन कानुन समयसापेक्ष रूपमा परिमार्जन र दृढ कार्यान्वयनको खाँचो देखिन्छ।

(**क**) **मूल्यमा असमानता** : एउटै ब्रान्डका सामान काठमाडौं, पोखरा र दुर्गम जिल्लामा फरक-फरक मूल्यमा बिक्री हुनु स्वाभाविक भए पनि कहिलेकाहीँ त्यो अन्तर असामान्य रूपमा बढी हुन्छ। यातायात लागतभन्दा धेरै फरक हुनु भनेको बजारमा कृत्रिम मूल्य निर्धारण भएको संकेत हो। कतिपय अवस्थामा व्यापारीले ग्राहकको आर्थिक अवस्थाअनुसार पनि मूल्य फरक राख्ने गरेको पाइन्छ। उपभोक्ताको अनुहार हेरेर वस्तु र सेवाको मूल्य तोक्ने परिपाटी अन्त्य गर्न र बजारमा विधिको शासनको अनुभूति गराउन मूल्य पारदर्शिता नीति जारी गर्दै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने स्थायी संयन्त्रमार्फत प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ।

(**ख**) **आपूर्ति शृंखलामा अपारदर्शिता** : नेपालमा उत्पादनदेखि बिक्रीसम्मका सम्पूर्ण आपूर्ति शृंखला ट्र्याक गर्न सकिने प्रणाली छैन। फलस्वरूप, कहाँ कति लागत थपियो, कहाँ कति तहमार्फत बजार सञ्चालन भइरहेको छ भन्ने स्पष्ट हुँदैन। यसले अनावश्यक बिचौलियालाई फाइदा पुग्छ र उपभोक्ताले महँगो मूल्य तिर्नुपर्छ। त्यसको निवारणका लागि उत्पादक र उपभोक्तालाई न्यायोचित मूल्य दिलाउन बजारको तह तत्काल तोक्न आवश्यक छ।

(**ग**) **अनौपचारिक अर्थतन्त्रको प्रभाव** : नेपालको ठुलो व्यापारिक हिस्सा कर प्रणालीभन्दा बाहिरै छ। यस्तो अनौपचारिक कारोबारले सरकारलाई राजस्वमा घाटा पुर्‍याउने मात्र होइन, यसले बजारमा अस्वस्थ प्रतिस्पर्धा पनि सिर्जना गर्छ। इमानदार व्यापारी पनि प्रतिस्पर्धामा टिक्न कठिन हुन्छ।

(**घ**) **उपभोक्ता सचेतनाको कमी** : धेरै उपभोक्तामा अझै पनि बिल नलिने, मूल्य नसोध्ने वा ठगी भए पनि उजुरी नगर्ने प्रवृत्ति देखिन्छ। जबसम्म उपभोक्ता सक्रिय हुँदैनन्, तबसम्म पारदर्शिता पूर्ण रूपमा स्थापित हुन सक्दैन। त्यसैले, उपभोक्ता सचेत र सक्रिय हुनुपर्छ। यसले मात्र व्यवसायीलाई इमानदार र सरकारलाई जिम्मेवार बनाउन मद्दत गर्छ।

**किन प्रभावकारी छैन अनुगमन प्रणाली** : नेपालमा अनुगमन संयन्त्र भए पनि यसको प्रभावकारिता सीमित छ। स्थायी संयन्त्रमार्फत चुस्त, प्रभावकारी, पारदर्शी, नियमित अनुगमन हुन सकेको छैन। जसका लागि संविधानको मर्मअनुरूप तीनै तहका सरकार सबै संघीय सरकारी निकाय (वस्तु र सेवासँग सम्बन्धित) लाई एकीकृत गरी ३६५ दिन २४ सै घण्टा अनुगमन गर्ने संयन्त्र आवश्यक छ।

(१) **अनियमित र प्रतिक्रियात्मक अनुगमन** : अधिकांश अनुगमन 'समस्या' आएपछि मात्र गरिन्छ। नियमित र योजनाबद्ध अनुगमनको अभाव छ। यसले व्यापारीलाई नियम उल्लंघन गर्न प्रोत्साहित गर्छ, किनकि उनीहरूलाई थाहा हुन्छ कि अनुगमन सधैँ हुँदैन। दण्ड र पुरस्कारमार्फत बजार स्वच्छ बनाउन सकिन्छ। यसका लागि समन्वयात्मक रूपमा राज्यका सबै नियकाय सबल र सक्षम हुन आवश्यक छ।

(२) **दण्डको कमजोर कार्यान्वयन** : कानुनमा जरिवाना र सजायको व्यवस्था भए पनि व्यवहारमा ती कडाइका साथ लागू हुँदैनन्। धेरैजसो केसमा सामान्य चेतावनीमै सीमित गरिन्छ, जसले बजारमा दीर्घकालीन सुधार ल्याउँदैन।

(३) **संस्थागत कमजोरी** : अनुगमन गर्ने निकायमा जनशक्ति, बजेट, प्रविधि र प्राविधिक जनशक्तिको चरम अभाव छ। एकै समयमा धेरै बजार क्षेत्रमा अनुगमन गर्न सक्ने क्षमता कमजोर छ। क्षेत्रगत रूपमा आवश्यकताअनुसार स्रोत, साधन र जनशक्तिको पूर्ण व्यवस्थापनबाट मात्र नीतिगत व्यवस्थालाई सफल कार्यान्वयन गर्न सकिन्छ।

(४) **राजनीतिक र प्रशासनिक हस्तक्षेप** : कतिपय अवस्थामा प्रभावशाली व्यापारीलाई कारबाहीबाट जोगाइन्छ। यसले कानुनी शासनमाथि प्रश्न उठाउँछ। राजनीतिक र उच्च प्रशासनिक क्षेत्रबाट बजार अनुगमन र दोषी देखिएकाहरूमाथि गरिने कारबाहीमा अवरोध हुने गरेको छ।

**मूल्य नियन्त्रणको मूल विन्दु भन्सार नाका** : नेपालमा मूल्य निर्धारणको आधार धेरै हदसम्म आयात मूल्यमा निर्भर हुन्छ। त्यसैले, भन्सारमा हुने गतिविधि अत्यन्त महत्वपूर्ण हुन्छ। भन्सारमै अनिवार्य रूपमा 'एमआरपी' कायम गर्न आवश्यक छ।

(**क**) **अन्डर-इनभ्वाइसिङ र ओभर-इनभ्वाइसिङ** : व्यापारीहरूले कर घटाउन कम मूल्य देखाउने वा पैसा बाहिर पठाउन बढी मूल्य देखाउने प्रवृत्ति देखिन्छ। यसले बजार मूल्यमा प्रत्यक्ष असर पार्छ। भन्सारलाई पूर्ण पारदर्शी बनाई जाँचपासलाई अत्याधुनिक 'डिजिटाइजेसन'मार्फत अन्डर-इनभ्वाइसिङ र ओभर-इनभ्वाइसिङ नियन्त्रण आवश्यक छ।

(**ख**) **अवैध आयात र खुला सीमा** : भारतसँगको खुला सीमाका कारण धेरै वस्तु अनौपचारिक रूपमा भित्रिन्छन्। यस्ता वस्तु सस्तो देखिए पनि यिनले दीर्घकालीन रूपमा बजारलाई अस्थिर बनाउँछन्।

(**ग**) **भ्रष्टाचार र ढिलाइ** : भन्सारमा हुने ढिलासुस्ती र अनियमितताले लागत बढाउँछ, जुन अन्ततः उपभोक्तामाथि नै थोपरिन्छ।

(**घ**) **डिजिटल प्रणालीको खाँचो** : भन्सारलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाइयो भने प्रत्येक वस्तुको वास्तविक मूल्य ट्र्याक गर्न सकिन्छ, जसले बजारमा मूल्य नियन्त्रण गर्न मद्दत गर्छ। अस्वाभाविक कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न सहयोग पुग्छ।

प्रविधिको प्रयोग, पारदर्शिताको आधार : प्रविधिको उपयोगले बजारमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्छ।

**रियल-टाइम मूल्य प्लाटफर्म** : यसबाट उपभोक्ताले मोबाइलबाटै विभिन्न पसलका मूल्य तुलना गर्न सक्छन्।

डिजिटल बिलिङ प्रणाली : यस्तो प्रणाली कर छली रोक्न अत्यन्त प्रभावकारी हुन सक्छ।

डेटा एनालिटिक्स : असामान्य मूल्यवृद्धि पहिचान गर्न 'डेटा एनालिटिक्स'को खाँचो पर्छ।

ब्लकचेन प्रविधि : आपूर्ति शृंखलालाई पारदर्शी बनाउन यो प्रविधिको उपयोग गरिनुपर्छ। यस्ता विधि र प्रविधि प्रभावकारी रूपमा लागू गरिए भने बजारमा पारदर्शिता स्वतः बढ्छ।

अन्तर्राष्ट्रिय अभ्यास : अन्य देशले मूल्य पारदर्शिता कसरी कायम गरेका छन् भन्ने बुझ्नु नेपालका लागि उपयोगी साबित हुन सक्छ।

सिंगापुर : सिंगापुरले कडा कानुन, तुरुन्त कारबाही र उच्च पारदर्शितालाई अपनाएको छ।

दक्षिण कोरिया : दक्षिण कोरियाले डिजिटल मूल्य तुलना प्रणालीलाई लागू गरेको छ।

भारत : एमआरपी प्रणालीले उपभोक्तालाई अधिकतम मूल्यको सुरक्षा गरेको छ।

इयू देशहरू : उपभोक्ता अधिकारलाई संवैधानिकस्तरमा संरक्षण गरिएको छ।

जापानः नैतिकता र अनुशासनमा आधारित बजार प्रणाली कायम छ। नेपालले यी अभ्यासलाई आफ्नो सन्दर्भअनुसार अनुकूलन गर्न सक्छ।

**दीर्घकालीन रणनीति**

(**क**) **कानुनी सुधार** : पुराना ऐन, कानुनलाई आधुनिक बनाउँदै कडा दण्ड व्यवस्था लागू गर्नुपर्छ।

(**ख**) **संस्थागत क्षमता विकास** : अनुगमनकारी निकायलाई पर्याप्त स्रोत, साधन, जनशक्ति र प्रविधि उपलब्ध गराउनुपर्छ।

(**ग**) **डिजिटल रूपान्तरण** : भन्सारदेखि खुद्रा बजारसम्म सबै प्रक्रिया डिजिटल बनाउनुपर्छ।

(**घ**) **सार्वजनिक-निजी सहकार्य** : बजारलाई अनुशासित बनाउन सरकार र निजी क्षेत्रबिच विश्वास र सहकार्य आवश्यक छ।

(**ङ**) **उपभोक्ता शिक्षा** : विद्यालयस्तरदेखि नै उपभोक्ता अधिकारबारे पर्याप्त र प्रभावकारी शिक्षा दिनुपर्छ।

मूल्य पारदर्शिता सप्ताहलाई प्रभावकारी बनाउने उपाय : केवल कार्यक्रम होइन, मापनयोग्य लक्ष्य तय गर्नुपर्छ। दैनिक अनुगमन 'रिपोर्ट' सार्वजनिक गर्नुपर्छ। 'हेल्पलाइन' र गुनासो प्रणाली सक्रिय बनाउनुपर्छ। मिडिया र सामाजिक सञ्जालको प्रयोग बढाउनुपर्छ। स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्छ।

निजी क्षेत्र र उपभोक्ताको संयुक्त भूमिका निजी क्षेत्र : स्वनियमन प्रणाली अपनाउनुपर्छ। पारदर्शी बिलिङलाई अनिवार्य गर्नुपर्छ। ग्राहकलाई सम्मानजनक सेवा दिनुपर्छ।

उपभोक्ता : सामान खरिद गरेपछि अनिवार्य रूपमा बिल माग्नुपर्छ। त्यस्तो बिललाई सुरक्षित राख्नुपर्छ। फरक-फरक पसल या स्थानको मूल्यबिच तुलना गर्नुपर्छ। ठगी भएको पाइएमा सम्बन्धित निकायमा उजुरी गर्नुपर्छ। सचेत र जिम्मेवार नागरिक बन्नुपर्छ।

**परिवर्तनको निर्णायक क्षण** :

नेपालमा मूल्य पारदर्शिता स्थापित गर्नु कुनै असम्भव लक्ष्य होइन, तर यसका लागि दीर्घकालीन प्रतिबद्धता आवश्यक छ। 'मूल्य पारदर्शिता सप्ताह'ले एउटा सकारात्मक सन्देश दिएको छ, तर अब यसलाई व्यवहारमा उतार्ने समय आएको छ। सरकार, निजी क्षेत्र र उपभोक्ता तीनै पक्षले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउने हो भने नेपालमा पारदर्शी, निष्पक्ष र सुदृढ बजार प्रणाली स्थापना हुन सक्छ। अब समय नाराबाट अघि बढेर कार्यान्वयनतर्फ जानु जरुरी छ, किनकि पारदर्शिता केवल विकल्प होइन, आवश्यकता हो। *नयाँ पत्रिकाबाट*

# मेथी खानुका १० फाइदा यस्ता छन्





मेथी भान्सामा नियमित प्रयोग हुने मसलारुपी खाद्य पदार्थ हो। आयुर्वेदमा मेथीलाई बहुगुणी औषधीको रूपमा व्याख्या गरिएको छ। प्राचीनकाल देखिनै औषधीय गुणका कारण यसलाई तरकारी तथा औषधीको रूपमा प्रयोग गरिँदै आएको छ।

मेथीको दाना र साग स्वास्थ्यका लागि निकै लाभदायी हुन्छ। यहाँ हामीले मेथीको साग र मेथीका दानाले मानव स्वास्थ्यमा पुर्‍याउने फाइदाका बारेमा जानकारी दिएका छौँ।

मेथीको दानामा आइरन, क्याल्सियम, म्याग्नेसियम, पोटासियम, सोडियम, जिंक, फोस्फरोस, फोलिक एसिडजस्ता मिनरल्सका साथै भिटामिन ए, बी र सी पनि पाइन्छ। यसका साथै, यसमा भरपुर मात्रामा फाइबर्स, प्रोटिन, स्टार्च, सुगर, फस्फरोस एसिडजस्ता पौष्टिक तत्त्व पाइन्छ। मेथीको दानामा अत्यधिक पौष्टिक तत्व पाइन्छ। यसलाई राति भिजाएर बिहान खाली पेटमा मज्जाले चपाएर खाँदा र यसको पानी पिउँदा विभिन्न स्वास्थ्य समस्यालाई समाधान गर्न फाइदा पुर्‍याउने गर्दछ।

**यी हुन् मेथी खानुका फाइदाहरू**

१. मेथीमा उच्च मात्रामा फाइवर हुन्छ। यसले पाचन प्रणालीमा सहयोग गर्छ। यसले शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी पनि कम गर्दिन्छ। बिहानमा एक गिलास मेथीको पानी पिउनुस् यसले शरीरलाई अत्यन्तै फाइदा गर्छ।

२. भिजाइएको मेथी दानाले पाचन क्रियालाई बलियो बनाउँछ। कब्जियतसहित पेटका विभिन्न समस्यालाई टाढै राख्छ।

३. मेथी दानाको दैनिक जसो प्रयोग गर्दा बाँझोपनजस्ता समस्या हुँदैन।

४. मेथी दाना नियमित रूपमा खाँदा ग्याष्ट्रिकको समस्याबाट बच्न सकिन्छ।

५. मेथीमा पाइने् सोलुबल फाइबर्सले ब्लड सुगरलाई नियन्त्रणमा राख्न मद्दत गर्छ।

६. यसमा पाइने गेलाक्टोमेनन र पोटासियमले हृदयघातबाट बचाउन सहयोग पुर्‍याउँछ।

७. मेथीले चायाँ, पोतो, डण्डीफोरबाट बचाउनका साथै शरीरको टक्सिन बाहिर निकालेर छालालाई स्वस्थ बनाउँछ।

८. बिहान दैनिक भिजाइएको मेथी दाना खाँदा कपाल चाँडै सेतो हुँदैन र झर्न रोकिन्छ।

९. पाचन क्रियालाई बलियो बनाएर कब्जियत र एसिडिटीलाई टाढै राख्छ। यसले पायल्सको समस्याबाट पनि राहत प्रदान गर्छ।

१०. धेरै पिसाब लाग्नु वा पिसाबको संक्रमणजस्तो समस्यालाई टाढा राख्न सहयोगी भूमिका खेल्छ।

**मेथीको सागका पनि यस्ता छन् फाइदा**

१. मेथीको साग वा मेथीको दानाको चूर्ण प्रतिदिन खाँदा तपाईंको वजन नियन्त्रणमा रहन्छ, र बोसोको मात्रा बिस्तारै कम हुँदै जान्छ।

२. घरका वृद्धवृद्धाहरुले जाडोमा मेथी र ड्राइफुडको लड्डु खाएको तपाईंले देख्नुभएको होला। यसको प्रमुख कारण यो हो कि मेथीको सेवनले जोर्नीको दुखाइबाट मुक्ति दिन्छ। यसको बिउ होस वा पात, दुवैले जोर्नीको दुखाइलाई समानरुपले हल गर्छन्।

४. मेथीको हरियो पातको तरकारीमा प्याज हालेर खाँदा रक्तचापको समस्याबाट छुटकारा पाउन सकिन्छ। न्यून रक्तचाप हुनेहरूका लागि पनि मेथीको मसलावाला सागले फाइदा पुर्‍याउँछ। खास गरी अदुवा र गरम मसला यसमा लाभकारी हुन्छन्।

५. यदि तपाईंलाई बारम्बार पिसाब आउने समस्या छ भने मेथीको पातको रसले तपाईंलाई निकै फाइदा पुग्छ। दैनिक यसको सेवनबाट तपाईंको समस्या बिलकुल समाप्त भएर जान्छ।

६. मेथीको साग नित्य सेवन गर्दा मुटुसम्बन्धी रोगलाई नजिक आउन दिँदैन। यसले हृदयाघातको सम्भावनालाई निमिट्यान्न बनाउँछ र तपाईं आफ्नो मुटुलाई पूर्णरुपमा स्वस्थ राख्न सक्नुहुन्छ।

८. पेटमा किरा परेको बेलामा पनि मेथीले एउटा सटिक औषधिको काम गर्छ। अधिकांश बच्चामा यो समस्या देखिन्छ। यस्तोमा मेथीको पातको रस निकालेर बच्चालाई प्रतिदिन एक चम्चा खुवाउनुपर्छ।

९. धेरैजसो मानिसहरूलाई पेटसम्बन्धी समस्या हुने गर्दछ। जसमध्ये कब्जियत र ग्यास्ट्रिक प्रमुख हुन्। मेथीको हरियो साग खानाले पाचन तन्त्रले सुचारु रूपमा काम गर्नुका साथै कब्जियत वा ग्यास्ट्रिक जस्ता समस्याबाट छुटकारा दिलाउँछ।

# विश्व फुटबलको महाकुम्भ मेला




काठमाडौं । उत्तर अमेरिकी क्षेत्रमा हुने विश्वकप फुटबलको सरगर्मी बढ्दो छ । विश्व फुटबलको महाकुम्भ मेला आउन अब करिब एक महिना मात्र बाँकी छ । अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने यो विश्वकप आगामी जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुनेछ । तेइसौँ संस्करणको विश्वकप फुटबलका खेलहरू अमेरिकाका ११ सहर, मेक्सिकोका तीन सहर र क्यानडाका दुई सहरमा हुनेछन् । सन् २००२ पछि पहिलोपटक दुईभन्दा बढी देशको संयुक्त आयोजनामा विश्वकप फुटबल हुन लागेको हो ।

सन् २०२६ को विश्वकपमा रहेका तीन आयोजक राष्ट्रमध्ये मेक्सिको विश्वकप तीन पटक आयोजना गर्ने पहिलो मुलुक बनेको छ । सन् १९८६ र २०२२ मा सहभागी भइसकेको क्यानडाले पहिलोपटक विश्वकपको सहआयोजना गर्न लागेको हो भने अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरिसकेको छ । विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका (एस्टाडियो बानोर्टे) रङ्गशालामा हुनेछ भने फाइनल खेल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ ।

**३२ बाट बढाएर ४८ देश**

फिफाले पहिलोपटक २३औं विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने उद्देश्यसहित सहभागी राष्ट्रको संख्या बढाएर ४८ पुऱ्याएको छ । अघिल्ला संस्करणसम्म ३२ राष्ट्रले सहभागिता जनाउँदै आएकामा यसपटकदेखि सहभागी संख्या ४८ पुऱ्याइएको हो । सन् १९९८ को फ्रान्स विश्वकपदेखि सन् २०२२ को कतार विश्वकपसम्म ३२ देशले प्रतिस्पर्धा गरे भने यसअघि सन् १९८२ स्पेन विश्वकपदेखि सन् १९९४ अमेरिका विश्वकपसम्म २४ देशबीच प्रतिस्पर्धा हुने गर्दथ्यो । त्यसअघि सन् १९३० मा उरुग्वेको मन्टेभिडियोमा भएको पहिलो विश्वकपदेखि सन् १९७८ मा अर्जेन्टिनामा भएको ११औं विश्वकपसम्म १६-१६ देशले प्रतिस्पर्धा गर्ने व्यवस्था गरिएको थियो ।

पहिलो विश्वकपमै एसियाबाट जापान र थाइल्यान्डले नाम फिर्ता लिएका थिए । अफ्रिकाबाट प्रतिनिधित्व गर्ने इजिप्ट पनि पानीजहाज छुटेका कारण प्रतियोगितामा सहभागी हुन सकेन । यसका कारण पहिलो विश्वकपमा १६ देशमध्ये १३ देश मात्र सहभागी भए । सन् १९३८ को दोस्रो विश्वकपमा अस्ट्रेलियाले हात झिकेपछि १५ देश सहभागी भए । सन् १९५० मा ब्राजिलमा भएको विश्वकपमा भारत छनोट भएर पनि सहभागी भएन । स्कटल्यान्ड र फ्रान्सले पनि प्रतियोगितामा भाग लिएनन् ।

सो विश्वकपमा पनि १६ मध्ये १३ देशबीच प्रतिस्पर्धा भयो । त्यसपछि सन् १९५४ मा स्वीट्जरल्यान्डमा भएको पाँचौं विश्वकपदेखि सन् १९७८ सम्म भने १६ देशले नै फाइनल चरणमा प्रतिस्पर्धा गरे ।

**ताजा विश्वकपमा को सहभागी, को बाहिर ?**

विश्वकपको फाइनल चरणमा अफ्रिकी राष्ट्र केप भेर्डे, क्यारेबियन राष्ट्र कुराकाओ तथा एसियाली देश जोर्डन र उज्वेकिस्तानले पहिलोपटक स्थान बनाएका छन् । तर बलियो तथा चारपटकको विश्वविजेता इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल भयो । युरोपियन छनोटको प्लेअफ फाइनलमा बोस्निया-हर्जगोभिनासँग पराजित हुँदै इटाली विश्वकपबाट बाहिरिएको हो । इटाली मात्र नभई विश्वकपमा बलियो उपस्थिति जनाउँदै आएका पोल्यान्ड, डेनमार्क, चिली, क्यामरुन र नाइजेरियाजस्ता शक्तिशाली राष्ट्र पनि यसपटक सहभागी हुने छैनन् ।

राजनीतिक तथा आर्थिक समस्यासँग जुधिरहेका कङ्गो र हाइटी ५२ वर्षपछि विश्वकप खेल्दै छन् । इराक ४० वर्षपछि विश्वकपमा फर्किएको छ भने बोस्निया-हर्जगोभिना र इरानले पनि विश्वकपमा आफ्नो उपस्थिति जनाउँदैछन् । अस्ट्रिया, नर्वे र स्कटल्यान्डले सन् १९९८ पछि पहिलोपटक विश्वकपको फाइनल चरणमा प्रतिस्पर्धा गर्दैछन् ।

**४८ देश, १२ समूह**

यसपटक कुल ४८ राष्ट्रले विश्वकपमा सहभागिता जनाउँदैछन् । टोलीहरूलाई १२ समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहमा चार-चार टोली रहेका छन् । समूह 'ए' मा आयोजक मेक्सिकोसँगै दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिक रहेका छन् । समूह 'बी' मा आयोजक क्यानडा, बोस्निया-हर्जगोभिना, कतार र स्वीट्जरल्यान्ड छन् । समूह 'सी' मा ब्राजिल, मोरक्को, हाइटी र स्कटल्यान्ड छन् भने समूह 'डी' मा आयोजक अमेरिका, पाराग्वे, अस्ट्रेलिया र टर्की रहेका छन् ।

समूह 'ई' मा जर्मनी, कुराकाओ, आइभरी कोस्ट र इक्वेडर रहेका छन् । समूह 'एफ' मा नेदरल्यान्ड्स, जापान, स्वीडेन र ट्युनिसिया छन् भने समूह 'जी' मा बेल्जियम, इजिप्ट, इरान र न्युजिल्यान्ड रहेका छन् । समूह 'एच' मा स्पेन, उरुग्वे, साउदी अरेबिया र केप भेर्डे छन् । समूह 'आई' मा साविक उपविजेता फ्रान्स, सेनेगल, इराक र नर्वे छन् । समूह 'जे' मा साविक विजेता अर्जेन्टिना, अल्जेरिया, अस्ट्रिया र जोर्डन रहेका छन् । समूह 'के' मा पोर्चुगल, कंगो, उज्वेकिस्तान र कोलम्बिया छन् भने समूह 'एल' मा इङ्गल्यान्ड, क्रोएसिया, घाना र पानामा रहेका छन् ।

**३९ दिन, १०४ खेल**

फिफाले यसपटक विश्वकपमा सहभागी राष्ट्रको संख्या ३२ बाट बढाएर ४८ पुऱ्याएको छ । देशको संख्या बढेसँगै खेलको संख्या पनि बढेको छ । ३९ दिनसम्म चल्ने प्रतियोगितामा कुल १०४ खेल हुनेछन् । समूह चरणका खेलहरू जेठ २८ गतेदेखि असार १३ गतेसम्म सञ्चालन हुनेछन् । प्रत्येक समूहका शीर्ष दुई टोली र उत्कृष्ट आठ तेस्रो स्थान प्राप्त टोली गरी ३२ टोली राउन्ड अफ ३२ मा प्रवेश गर्नेछन् ।

राउन्ड अफ ३२ का खेल असार १४ गतेदेखि असार १९ गतेसम्म हुनेछ । त्यसपछि प्रि-क्वार्टरफाइनल, क्वार्टरफाइनल, सेमिफाइनल हुँदै फाइनल खेलाइनेछ । राउन्ड अफ १६ का खेल असार २० गतेदेखि असार २३ गतेसम्म हुनेछ भने क्वार्टरफाइनल असार २५ देखि २७ गतेसम्म हुनेछ । सेमिफाइनल असार ३० र ३१ गते हुनेछ । तेस्रो स्थानका लागि साउन २ गते प्रतिस्पर्धा हुनेछ भने फाइनल खेल साउन ३ गते हुनेछ । साविक विजेता अर्जेन्टिना हो ।

**खेल कुनकुन सहरमा हुँदैछ ?**

तेइसौं संस्करणको विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोका १६ सहरमा आयोजना हुनेछ । अमेरिकाका ११, मेक्सिकोका तीन र क्यानडाका दुई सहरमा प्रतियोगिता सञ्चालन हुनेछ । विश्वकपको फाइनल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ । ८३ हजार दर्शक क्षमता रहेको यो रङ्गशालालाई न्यू जर्सी रङ्गशाला पनि भनिन्छ ।

अमेरिकाको डलास रङ्गशालामा विश्वकपका नौ खेल हुनेछन् । ९४ हजार दर्शक क्षमता भएको रङ्गशालामा समूह चरणका पाँच, राउन्ड अफ ३२ का दुई, प्रि-क्वार्टरफाइनलको एक र सेमिफाइनलको एक खेल हुनेछ । एटलान्टास्थित मर्सिडिज बेन्ज रङ्गशालामा पनि विभिन्न चरणका खेल हुनेछन् । कान्सास सिटीस्थित गेहा फिल्ड एट एरोहेड रंगशालामा समूह चरण, नकआउट र क्वार्टरफाइनलका खेल हुनेछन् ।

ह्युस्टनको एनआरजी रङ्गशाला, सान फ्रान्सिस्को बे एरियाको लेभाइज रङ्गशाला, लस एन्जल्सको सोफाइ रङ्गशाला, फिलाडेल्फियाको लिङ्कन फाइनान्सियल फिल्ड, सिएटलको लुमेन फिल्ड, मियामीको हार्ड रक रङ्गशाला तथा बोस्टनको जिलेट रङ्गशालामा पनि विभिन्न खेल हुनेछन् । मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका रङ्गशालामा उद्घाटन खेल हुनेछ । पहिलो खेल आयोजक मेक्सिको र दक्षिण अफ्रिकाबीच हुनेछ । क्यानडाको टोरन्टोस्थित बीएमओ फिल्ड र भ्यानकुभरस्थित बिसी प्लेस रङ्गशालामा पनि विश्वकपका खेलहरू सञ्चालन हुनेछन् ।

**टिकट मूल्य**

फिफाले यसपटकको विश्वकपको टिकट मूल्य अत्यधिक महँगो हुने जनाएको छ । समूह चरणको टिकट मूल्य ३०० डलर तोकिएको छ भने फाइनल खेलको सामान्य टिकट मूल्य १० हजार ९९० डलर तोकिएको छ । यसअघि कतार विश्वकपको फाइनल टिकट मूल्य करिब १२०० डलर मात्र थियो ।

**पहिलोपटक विश्वकप खेल्दै चार राष्ट्र**

यसपटक विश्वकपमा केप भेर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तानले पहिलोपटक सहभागिता जनाउँदैछन् । केप भेर्डेले अफ्रिकी छनोटमा क्यामरुनलाई हराउँदै विश्वकपमा स्थान बनाएको हो । कुराकाओले जमैका, बर्मुडा र हाइटीजस्ता टोलीलाई पछि पार्दै विश्वकप यात्रा तय गऱ्यो । जोर्डनले ओमानलाई ३-० ले हराउँदै पहिलोपटक विश्वकपमा छनोट भएको इतिहास रच्यो । उज्वेकिस्तानले पनि लामो प्रयासपछि पहिलोपटक विश्वकपमा स्थान सुरक्षित गरेको हो ।

**चारपटकको विजेता इटालीबिनाको विश्वकप**

यसपटकको विश्वकपमा चारपटकको विश्वविजेता इटाली रहने छैन । युरोपियन छनोट चरण पार गर्न नसकेपछि इन्टर मिलानका एलेसान्ड्रो बास्तोनी, निकोलो बरेला तथा पिएसजीका गोलरक्षक जियानलुइजी डोनारुम्माजस्ता खेलाडी विश्वकप खेल्नबाट वञ्चित भएका छन् । विश्वकप इतिहासमा ब्राजिलपछि सबैभन्दा सफल टोली मानिने इटालीले १८ संस्करणमा सहभागिता जनाएको छ । सन् २००६ मा चौथोपटक विश्वकप जितेपछि इटाली सन् २०१० र २०१४ मा समूह चरणबाटै बाहिरिएको थियो । त्यसपछि लगातार तीन संस्करणमा विश्वकपमा छनोट हुन नसक्नु इटाली फुटबलका लागि ठूलो धक्का मानिएको छ ।

**कुन क्षेत्रीय छनोटबाट सहभागी कति ?**

विश्वकपको २३औं संस्करणमा सबैभन्दा बढी युरोपियन क्षेत्र (युइएफए) बाट १६, अफ्रिकी क्षेत्र ( सिएएफ) बाट १०, एशिया क्षेत्र (एएफसी) बाट नौ, उत्तरमध्ये र क्यारेबियन क्षेत्र (कन्काफ)बाट छ दक्षिण अमेरिकी क्षेत्र (कन्मेबोल)बाट छ र ओसेनिया क्षेत्र (ओएफसी) बाट एक गरी ४८ राष्ट्रले सहभागिता जनाउँदैछन् । एसियाबाट अष्ट्रेलिया, इरान, इराक, जापान, जोर्डन, कतार, साउदी अरेबिया, दक्षिण कोरिया र उज्वेकिस्तानले विश्वकपमा सहभागिता जनाउँदैछन् ।

युरोपबाट अष्ट्रिया, बेल्जियम, बोस्नीया हर्जगोविना, क्रोयसिया, चेक रिपब्लिक, इङ्गल्याण्ड, फ्रान्स, जर्मनी, नेदरल्याण्ड्स, नर्वे, पोर्चुगल, स्कटल्याण्ड, स्पेन, स्वीडेन, स्वीजरल्याण्ड र टर्कीले भाग लिँदैछन् । अफ्रिकाबाट अल्जेरिया, केप भेर्डे, डिआर कङ्गो, इजिप्ट, घाना, आइभरी कोष्ट, मोरक्को, सेनेगल, दक्षिण अफ्रिका र ट्युनेसिया गरी १० देशले विश्वकपमा सहभागिता जनाउँदैछन् । दक्षिण अमेरिकी क्षेत्रबाट साविक विजेता अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, इक्वेडर, पाराग्वे र उरुग्वे गरी छ देशले विश्वकपमा खेल्दैछन् । उत्तरी, मध्यअमेरिका तथा क्यारेबियन (कन्काफ) क्षेत्रबाट क्यानडा, मेक्सिको, अमेरिका, पानामा, कुराकाओ र हाइटीले प्रतिस्पर्धा गर्दैछन् । जसमा क्यानडा, मेक्सिको र अमेरिका आयोजक हुन् भने पानामा, कुराकाओ र हाइटीले छनोटको तेस्रो राउण्डको समूह विजेताका रुपमा विश्वकपमा छनोट भएका हुन् । यस्तै ओसेनिया क्षेत्रबाट न्युजिल्याण्डले विश्वकपमा सहभागिता जनाउँदैछ ।

**एशियाली क्षेत्रको छनोट**

एशियाली छनौटको तेस्रो चरणमा रहेका तीन वटा समूहका विजेता र उपविजेता गरी छ देश इरान, उज्वेकिस्तान, दक्षिण कोरिया, जोर्डन, जापान र अष्ट्रेलिया सोझै विश्वकपमा छनोट भएका हुन् । बाँकी दुई देश कतार र साउदी अरेबिया तीन समूहका उत्कृष्ट तेस्रो र चौथो हुने देशबीच दुई समूह विभाजन गर्दै भएको प्रतिस्पर्धाबाट समूह विजेता विश्वकपमा छनोट भएका हुन् । यसैगरी सो दुई समूहका दोस्रो हुने टोलीबीच प्रतिस्पर्धा गर्दै इराकलाई अन्तर्महादेशीय छनोट खेल्ने अवसर मिल्यो । युएईलाई हराउँदै अन्तर महादेशीय प्लेअफ खेलेको इराकले कन्काफ र दक्षिण अमेरिकी क्षेत्रबाट प्लेअफमा आएका बोलेभिया र सुरीनामलाई पन्छाउँदै विश्वकपमा स्थान पक्का गरेको थियो ।

विश्वकप फुटबलको प्रारम्भिक छनोटमा लाओस्लाई समग्रमा २-१ ले हराउँदै नेपालले अर्को चरणमा प्रवेश पाएको थियो । सो चरणमा युएई, बहराइन र यमनसँग २-२ पटक प्रतिस्पर्धा गरेको नेपालले यमनसँग एउटा खेलमा २-२ को बराबरी गर्नबाहेक अन्य सबै खेलमा नेपाल पराजित भएको थियो ।

**एशियाबाट छनोट भएका देशहरु यसअघि कुनकुन विश्वकपमा सहभागी थिए ?**

एशियाली क्षेत्रबाट विश्वकपमा छनोट भएर प्रतिस्पर्धा गर्ने सबैभन्दा पहिलो देश इण्डोनेसिया रहेको छ । सन् १९३८ मा फ्रान्समा भएको विश्वकपका दौरान तत्कालीन डच इष्ट इन्डिजको नामले परिचित इण्डोनेसियाली फुटबल टिमले प्रतिस्पर्धा गरेको थियो । पहिलो राउण्डको खेलमै हङ्गेरीसँग इण्डोनेसिया पराजित हुन पुग्यो । सन् १९५० को विश्वकपमा भारत छनोट भएर पनि पूर्वाधार र आर्थिक कारण देखाउँदै प्रतिस्पर्धा गर्न असफल रह्यो । यसपछि दक्षिण कोरियाले सन् १९५४ मा विश्वकप खेलेको थियो । सो विश्वकपमा दक्षिण कोरिया हङ्गेरीसँग ९-० ले तथा टर्कीसँग ७-० ले पराजित भएको थियो ।

सन् १९७४ मा अष्ट्रेलिया र लगत्तै चार वर्षपछि इरान सहभागी भयो । सन् १९८६ र १९९० मा दक्षिण कोरियाले प्रतिस्पर्धा गऱ्यो । १९९४ को अमेरिका विश्वकपमा साउदी अरब पहिलोपल्ट सहभागी हुँदा दक्षिण कोरियाले निरन्तरता पायो । सन् १९९८ देखि प्रत्येक विश्वकपमा कम्तिमा चार टिम पुग्नेनियम बनाइसक्यो । दक्षिण कोरियालले १३औं पटक विश्वकपमा सहभागिता जनाउँदै गर्दा जापान र साउदी अरेबियाले सातौं पटक प्रतिस्पर्धा गर्दैछ । अष्ट्रेलिया र इरानले ६-६ पटक विश्वकपमा भिड्दा कतार र इराकले अहिलेसम्म १-१ विश्वकपमा भिडन्त गरेका छन् । जोर्डन र उज्वेकिस्तान पहिलोपल्ट विश्वकपमा प्रतिस्पर्धा गर्दैछन् ।

**कसले कतिपल्ट विश्वकपको ताज पहिरिए ?**

विश्वकप फुटबलको झण्डै एकसय वर्ष पुरानो इतिहास भइसक्दा २२औं संस्करणसम्म विश्वकप सम्पन्न भइसक्यो । यसमा सबैभन्दा बढी ब्राजिलले पाँच पटक विश्वकप जितेको छ ।

दुई पटक उपविजेता बनेको ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र २००२ मा विश्वकप जितेको छ । ब्राजिलपछि सबैभन्दा बढी चार-चार पटक जर्मनी र इटालीले विश्वकपको ट्रफी उचालेका छन् । जर्मनीले सन् १९५४, १९७४, १९९० र २०१४ मा विश्वकप जित्दा चारपटक नै उपविजेता बनेको छ । इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा विश्वकप जित्दा दुई पटक उपविजेता बनेको छ ।

यसैगरी, अर्जेन्टिनाले सन् १९७८, १९८६ र २०२२ मा गरी तीनपटक विश्वकप जित्दा तीनपटक नै उपविजेता बनिसकेको छ । विश्वकप फुटबलको इतिहासमा फ्रान्स र उरुग्वेले दुई-दुई पटक विश्वकप जितेका छन् । उरुग्वेले पहिलो विश्वकप सन् १९३० र १९५० मा विश्वकप जित्दा फ्रान्सले सन् १९९८ र २०१८ मा विश्वकप जित्दा दुई पटक नै फाइनलमा पराजित भयो ।

यसैगरी स्पेन र इङ्गल्याण्डले एक-एक पटक विश्वकप जितेका छन् । नेदरल्याण्ड्स तीन पटक उपविजेता बन्दै गर्दा हङ्गेरी र चेकोस्लाभियाले दुई-दुई पटक उपविजेता बनेका छन् । स्वीडेन र क्रोयसिया एक-एकपटक विश्वकपको उपविजेता बनिसकेका छन् ।

# ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु

गलकोट । बागलुङ्को ढोरपाटन नगरपालिका-५ लामडाँडामा ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

बुधबार बिहान लामडाँडाबाट बुर्तिबाङतर्फ आउँदै गरेको ट्र्याक्टर दुर्घटना हुँदा ढोरपाटन नगरपालिका-५ का १६ वर्षीय सुशीलकुमार विकको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख तिलक भारतीका अनुसार ट्र्याक्टर गोठमा खसेको थियो । फरार चालकको खोजी जारी छ । गोठमा आंशिक क्षति भए पनि पशुचौपायाको क्षति भएको छैन ।

**मन्त्रालय...**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले आयोजनाको वर्गीकरण मापदण्ड परिवर्तन गर्न आवश्यक रहेको बताए । जलस्रोत व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै उनले पानी संकट समाधानका लागि चुरे संरक्षणसँग जोडिएर रिचार्ज जोन विकास गर्नुपर्ने धारणा राखे ।

वन तथा वातावरण मन्त्रालयले मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको भन्दै यसको न्यूनीकरणका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याएको थियो । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव नारद गौतमले घरेलु कार्यालयबाटै यातायात सेवा दिने तयारी गर्नुपर्ने तथा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको तर्फबाट दायित्व करिब पाँच अर्ब रुपैयाँ रहेको जानकारी दिँदै ६२ वटा आयोजनालाई चालू आर्थिक वर्षमै समेट्ने योजना रहेको जानकारी गराइएको थियो । प्रादेशिक सडक गुरुयोजनामा समावेश सडकलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्ने जोड छ । सामाजिक विकास मन्त्रालयका सचिव दिवाकर भण्डारीले सहयोगापेक्षी मानव व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने बताए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव वीरबहादुर केसीले सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई सहज बनाउन सकिने धारणा राखे । स्वास्थ्य मन्त्रालयका उपसचिव उमेश गौतमले सुरक्षित मातृत्व अभियानलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउँदै ओएनएम नहुँदा जनशक्ति व्यवस्थापनमा समस्या रहेको जानकारी दिए ।

बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश योजना आयोगका उपाध्यक्ष डाक्टर डिल्लीराज अर्याल तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बन्धुप्रसाद बास्तोलाले प्रदेशको आर्थिक तथा योजनागत अवस्थाबारे प्रकाश पारेका थिए ।

## बुटवल उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुटवल रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**बुटवल उपमहानगरपालिका वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं. १ मा पर्ने दानव नदीको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०१/३१)

**लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः बुटवल उपमहानगरपालिका, नगरपालिका कार्यपालिकाको कार्यालय<br>ठेगानाः बुटवल रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलः info@butwalmun.gov.np, वेबसाईटः www.butwalmun.gov.np<br>फोन नं.: +९७७ ७१ ५४००३५ |
| प्रस्तावको व्यहोरा | बुटवल उपमहानगरपालिका वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं. १ मा पर्ने दानव नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन् कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | बुटवल उपमहानगरपालिका वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा बुटवल उपमहानगरपालिका वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं. १ मा पर्ने दानव नदीको विभिन्न बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन् कार्यका लागि सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बुटवल उपमहानगरपालिका वडा नं. १६ र सैनामैना नगरपालिका वडा नं. १ को कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ बमोजिम राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री बुटवल उपमहानगरपालिका, नगरपालिका कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलः info@butwalmun.gov.np, फोन नं.: +९७७ ७१ ५४००३५ |
| परामर्शदाताको नाम र ठेगाना | श्री युनिभर्सल इन्जिनियरिङ कन्सल्टेन्ट एंड विल्डर्स, रुपन्देही<br>Uecb2017@gmail.com, फोन नं. ९८६७१८९०५१ |

SHINE RESUNGA
DEVELOPMENT BANK LTD.

Butwal -11 Kalikanagar, Rupandehi
Phone : 071-415502, 071-415503,
Email :- info@srdb.com.np
URL :- www.srdb.com.np

## Revised Interest Rate

Effective From 2083-02-01 (15th May, 2026)

| Types of Deposit | | Minimum Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 2.75% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 2.90% |
| | Shine Samriddhi Bachat Khata | - | 3.25% |
| | Shine Remittance Bachat Khata | 1,000 | 4.25% |
| Call | | Up to 1.37% | |

| | Tenure | Interest Rate (p.a.) | |
|---|---|---|---|
| | | Institutional | Individual |
| Fixed | 6 Months to below 1 Year | 2.75% | 2.75% |
| | 1 Year to below 2 Years | | 3.25% |
| | 2 Years to below 3 Years | | |
| | 3 Years to below 4 Years | | |
| | 4 Years to below 5 Years | 3.25% | 3.75% |
| | 5 Years and above | 3.50% | 4.81% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 3.25% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Chaitra 2082)** | **5.81%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# उत्कृष्ट शैक्षिक गन्तव्य बन्दै : कान्ति

बुटवल । भ्रखरमात्रै कक्षा १० एसईईको नतिजामा जिल्लामै उत्कृष्ठ नतिजा ल्याउन सफल बनेको बुटवल ४ को कान्ति मावि शैक्षिक गन्तव्य बनिरहेको छ । विद्यालयबाट एसईईको नतिजामा चार जनाले ४ जीपीए प्राप्त गर्न सफल भएका छन् । प्रध्यानाध्यापक गोविन्द ज्ञवालीका अनुसार कुल ५१४ विद्यार्थीमध्ये ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । ४.०० जीपीए प्राप्त गर्ने विद्यार्थीहरूमा आयुस घिमिरे, असिम पुरी, युगल पन्थी र अनिस गौतम रहेका छन् । विद्यालयले उपलब्ध गराएको विवरणअनुसार १३८ जना विद्यार्थीले एप्लस , १६२ जनाले ए, १३८ जनाले बि प्लस र ४८ जनाले बि ग्रेड प्राप्त गरेका छन् । ज्ञवालीका  अनुसार यस वर्षको नतिजा विद्यार्थीको निरन्तर मेहनत, शिक्षकको समर्पण र अभिभावकको सहयोगको परिणाम हो । उत्कृष्ट नतिजासँगै कान्ति माविले देशमै सामुदायिक विद्यालयतर्फ  गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयका रूपमा आफ्नो पहिचान थप बलियो बनाएको छ ।

विद्यालयले उत्कृष्ट नतिजा ल्याउने सम्पूर्ण  विद्यार्थीलाई बधाई ज्ञापन गर्दै आगामी शैक्षिक यात्राका लागि शुभकामना व्यक्त गरेको छ । साथै बैशाख ३१ गते बधाई तथा सम्मान कार्यक्रम राखिएको प्रअ गोविन्द ज्ञवालीले बताए ।  बुटवलको मुटुमा अवस्थित कान्ति माध्यमिक विद्यालयले लामो इतिहास बोकेको छ । यसले इतिहास मात्र बोकेको छैन, वर्तमान र भविष्यका लागि समेत गुणस्तरीय शिक्षाको आधार तयार गरेको छ । करिब सात दशक लामो यात्रामा यो विद्यालयले केवल शिक्षा मात्र दिएको छैन, हजारौं विद्यार्थीको भविष्य निर्माण गरेको छ ।

कान्ति माध्यमिक विद्यालय बुटवलको पहिचान र शिक्षाको आधारस्तम्भको रूपमा खडा भएको छ । वि.सं. २००८ सालमा पुरानो बुटवलमा सुरु भएको गणेश विद्या भवन प्राइमरी स्कुल र खस्यौलीमा सुरु भएको जनता विद्या भवन प्राइमरी स्कुलको एकीकरण गरी वि.सं. २०१० साल पुस २ गतेदेखि "गणेश जनता विद्या भवन" प्राथमिक विद्यालयको नामबाट हालको कान्ति माविको सुरुवात भएको हो ।

वि.सं. २०१६ सालमा मिडिल स्कुल र २०२६ सालमा हाइस्कुलको स्वीकृति प्राप्त गरेको यो विद्यालय २०२९ सालमा गणेश जनता माध्यमिक विद्यालय र २०३३ सालदेखि श्री ५ कान्ति माविको नामबाट सञ्चालन हुँदै आएको छ ।

२०६४ सालदेखि कक्षा ११/१२ सञ्चालन गरेको यस विद्यालयमा हाल विज्ञान, व्यवस्थापन र शिक्षा समूहका विभिन्न विषयहरूको पठनपाठन हुँदै आइरहेको छ । वि.सं. २०६५ सालदेखि खुला विद्यालयतर्फ कक्षा ८ र १० समेत सञ्चालनमा छन् । जसबाट विभिन्न कारणले नियमित विद्यालयको पहुँचदेखि बाहिर रहेका हजारौं विद्यार्थीहरू लाभान्वित भएका छन् । विद्यार्थीहरूमा सही संस्कारको विकास र संस्कृतिको संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले वि.सं.२०८१ सालदेखि कक्षा ६ बाट संस्कृत विषयको पठन पाठन समेत आरम्भ गरिएको छ ।




विद्यालयले २०७२ सालदेखि पूर्णरूपमा डिजिटल अभिलेख व्यवस्थापन, आन्तरिक विनियम २०७२ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जसमा शिक्षक कर्मचारीहरूका काम, कर्तव्य र अधिकार, सेवा, सुविधा, ग्रेड, सञ्चय कोष, उपादान आदिको व्यवस्था गरिएको छ । सुझाव पेटिका निर्देशिका २०७४ तयार गरी विद्यार्थी, अभिभावकहरूबाट सुझाव पेटिकामा प्राप्त सकारात्मक सुझावहरूलाई कार्यान्वयनमा ल्याइएको छ । २०८१ सालदे खि सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, छात्रा सञ्जाल संयोजक र सूचना प्रविधि प्रमुखको समेत व्यवस्था गरिएको छ ।

**यस्ता छन् शैक्षिक गतिविधि :**

विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १२ सम्म नेपाली र अंग्रेजी दुवै माध्यममा पठन पाठन भइरहेको छ । विद्यालयमा सञ्चालित कार्यक्रम र प्राप्त नतिजाको कारणले गर्दा आम विद्यार्थी र अभिभावकहरूको रोजाइको केन्द्र बनेको छ । कान्ति माविमा नियमिततर्फ ५ हजार ७३२ जना विद्यार्थी र खुला विद्यालयतर्फ ७२ जनागरी जम्मा ५ हजार ८०४ जना विद्यार्थी अध्ययनरत छन् भने बिहानी तथा दिवा सेवामा गरी २३५ जना शिक्षक र कर्मचारीहरू कार्यरत छन्, जसमध्ये २५ जनालाई मात्र सरकारले सेवा सुविधा दिने गरेको छ ।

२०८१ सालदेखि विद्यालयले कक्षा १०, कक्षा ११ र १२ का विद्यार्थीहरूलाई स्मार्ट बोर्डको प्रयोग गरी शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई जोड दिएको छ भने यस वर्ष कक्षा ९ र कक्षा ८ मा समेत थप गर्नेगरी काम अगाडि बढिरहेको छ ।

विद्यालयले शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, व्यवस्थापकीय, पर्यावरणीय र सूचना प्रविधिलगायतका सबै जसो विषयका मापदण्डहरू पूरा गरिसकेकोले २०८१ साल पुस २ गते अन्तर्राष्ट्रिय गुणस्तर प्रमाण पत्र(आइएसओ )प्राप्त गरिसकेको छ । कान्ति माध्यमिक विद्यालय अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणपत्र प्राप्त गर्ने पहिलो सामुदायिक विद्यालय हो । विद्यालयबाट धेरै विद्यार्थीले एमबीबीएस, इञ्जीनियरिङ, भेटेनरी एग्रीकल्चर, नर्सिङ, सिए, बीसीए, बीएचएम, बीबीएलगायतका विषयमा पूर्ण छात्रवृत्तिमा अध्ययन गरेका छन् ।

**असल अभ्यासहरू**

दुरदृष्टि, लक्ष्य र उद्देश्य निर्धारण, गुरुयोजना निर्माण र कार्यान्वयन, विद्यालय सुधार योजना निर्माण, वार्षिक कार्ययोजना निर्माण, सिसिटिभी/इ-हाजिरी प्रयोग, विद्यालय विनियम २०७२ निर्माण र प्रयोग, सिकाइ उपलब्धि विश्लेषण र विद्यार्थी अभिभावक परामर्श, डिजिटल अभिलेख र लेखा व्यवस्थापन, विद्यालय बडापत्र, सुझाव पेटिकमा प्राप्त सुझाव कार्यान्वयन, कक्षागत अभिभावक भेला, सुझाव संकलन र कार्यान्वयन, विज्ञान, अर्थशास्त्र, गणित, क्रिकेट, बालक्लब, छात्रा सञ्जाल, रेडक्रस, स्काउट गठन, शिक्षक, विद्यार्थी र अभिभावक आचार संहिताको निर्माण एवम् कार्यान्वयन, दैनिक पठन पाठनका लागि लगबुकको व्यवस्था, शिक्षक विद्यार्थीको जन्मदिनमा पुस्तक र फूल बिरुवा उपहार रहेका छन् ।

विद्यालयको भौतिक अवस्थाअन्तर्गत विद्यालय परिसरमा २ विगाहा १५ कट्ठा ३ धुर र रूपन्देही जिल्ला सैनामैना वडा नं. ५ मा १० कट्ठा जग्गा विद्यालयको सम्पत्तिअन्तर्गत रहेको छ । भूकम्प प्रतिरोधी सुरक्षित र भव्य विद्यालय भवनले जोकोहीको पनि मन तानिरहेको छ । विद्यालयलाई स्थापना कालदेखि यो अवस्थासम्म ल्याई पुऱ्याउन विविध क्षेत्रबाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने पूर्व सचिव स्वर्गीय बुद्धिबहादुर थकाली, पूर्व अध्यक्षहरू द्वारिका उदय, पूर्व प्रधानाध्यापक इरादेवी थैव, आनन्दमान श्रेष्ठ, हरिप्रसाद ढकाल, पूर्व शिक्षक, कर्मचारी, अक्ष्यकोषदातालगायत सम्पूर्ण शिक्षाप्रेमी महानुभावको विशेष सहयोग रहेको विद्यालयले जनाएको छ ।

शैक्षिक उपलब्धिअन्तर्गत २०७१ एसएलसीको नतिजामा पश्चिमाञ्चल प्रथम, २०७३ को एसईईमा लुम्बिनी प्रदेश प्रथम, २०७६ मा बुटवल उप-महानगर पालिकाबाट उत्कृष्ट विद्यालयको रूपमा पुरस्कृत, २०७८ मा रूपन्देही जिल्लाको उत्कृष्ट विद्यालयको रूपमा पुरस्कृत, २०७९ को एसईई नतिजामा लुम्बिनी प्रदेश द्वितीय, नेपाल छैठौं हुँदै विद्यालयले सामुदायिक विद्यालयप्रतिको नकरात्मक धारणालाई नै परिवर्तन गर्न सफल भएको छ । विद्यालयको स्रोत र साधनको अभावले धेरै विद्यार्थीलाई विद्यालयले समावेश गर्न सकेको छैन ।

विद्यालयमा विभिन्न समयमा धेरै शिक्षाप्रेमी, समाजसेवीहरूले छात्रवृत्ति अक्षयकोष स्थापना गरेका छन् । यसको मूल रकम रु.२६ लाख रहेको छ । यसको ब्याजबाट प्रत्येक वर्ष सयौं विद्यार्थीहरूलाई नगद छात्रवृत्ति प्रदान गर्नेगरिएको छ । एक पटकमा एउटा कक्षाका ५० जना विद्यार्थीहरूलाई लैजान र प्रयोग गर्न मिल्ने गरी अलग-अलग विज्ञान प्रयोगात्मक कक्षासहितको विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको छ ।

जुनियर र सिनियर विद्यार्थीहरूका लागि अलग अलग हाइस्पिड केवल इन्टरनेट सुविधासहितको कम्प्यूटर ल्यावको व्यवस्था विद्यालयले गरेको छ । १५० जना विद्यार्थीहरूले एकै पटक अध्ययन गर्न मिल्ने स्मार्ट बोर्डसहितको आइ.टि.ल्यावको व्यवस्था, १० ओटा कक्षा कोठामा प्रोजेक्टर जडान गरी अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइएको छ । टाढाका विद्यार्थीको सहजताका लागि १८ ओटा बसहरूबाट पूर्व खैरेनी, पश्चिम हरैया, दक्षिण तिलोत्तमा न.पा. को मणिग्रामसम्मका २३०० बढी विद्यार्थीहरूलाई विद्यालयमा ल्याउने र लैजाने विद्यालयले मिलाएको छ ।

## रास्वपा सांसदको धम्की र अभिव्यक्तिमा पत्रकार महासंघ र नेपाल बारको आपत्ति

बुटवल । सत्ताधारी दल रास्वपाका सांसद जगदीश खरेलले समाचारलाई लिएर राजधानी दैनिक पत्रिका बन्द गर्न धम्की दिएको भन्दै नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ ।

महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'यही बैशाख २८ गते संसद् बैठकमा बोल्दै खरेलले संवैधानिक हकको ख्याल नगरी पत्रिका बन्द गर्न धम्की दिनुलाई महासंघले असंवैधानिकमात्र होइन, निन्दनीय र विधायकलाई पटक्कै नसुहाउने व्यवहारका रूपमा लिएको छ ।'

सत्ताको आडमा सांसदले समाचारको विषयलाई लिएर फौजदारी मुद्दा बनाइ साइबर ब्युरोमा उजुरी गर्नु आपत्तिजनक कार्य भएको विज्ञप्तिमा उल्लेख छ ।

समाचार सामग्रीप्रति असहमति भए प्रेस काउन्सिल नेपालमार्फत् समाधान खोज्न र भविष्यमा प्रेस स्वतन्त्रताविरोधी हर्कत नदोहोऱ्याउन खरेललाई महासंघले सचेत गराएको छ ।

यसैगरी बिमापोष्ट डटकममा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतबाट अन्तरिम आदेश जारी भएको भन्दै महासंघले आदेशमा पुनर्विचार गर्न र प्रेसको संवैधानिक अधिकारको संरक्षण गर्न माग गरेको छ ।

यस्तै रास्वपाका उपनेता गणेश पराजुलीले संसदमा कामु प्रधानन्यायाधीशको विषयलाई लिएर गरेको टिप्पणीप्रति नेपाल बार एशोसिएसनले आपत्ति जनाएको छ ।

बारले संसद्मा न्यायाधीश र न्यायालयको कार्यसम्पादनमा असर पर्ने गरी हुने यस्ता टिप्पणी रोक्न सभामुखको ध्यानाकर्षण गराएको छ ।

हिजो प्रतिनिधिसभा बैठकमा सांसद गणेश पराजुलीले 'कामु प्रधानन्यायाधीशले सडकबाट दुई तिहाइ सरकारलाई ललकारेको' भनी दिएको अभिव्यक्तिप्रति बारले असन्तुष्टि व्यक्त गरेको हो । सभामुखलाई पत्र लेख्दै बारले उक्त सम्बोधनले 'दुई तिहाइ सरकारउपर कसैले केही बोल्न नपाइने' भन्ने गलत र निरंकूश सन्देश दिन खोजेको जिकिर गरेको छ ।

पत्रमा भनिएको छ- 'सांसद पराजुलीको अभिव्यक्ति स्पष्टतः निरंकुशताको बीजारोपण र प्रवर्द्धन हो । दुई तिहाइका नाममा न्यायपालिकाको स्वतन्त्रतामाथि प्रहार हुनु लोकतन्त्रका लागि घातक छ ।'

बारले नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दा र न्यायाधीशले आफ्नो कर्तव्य पालनाको सिलसिलामा गरेको कार्यको सम्बन्धमा संसद्मा कुनै छलफल गर्न बन्देज लगाएको लगाएको स्मरण गराएको छ ।

आगामी दिनमा न्यायालय र न्यायाधीशको कार्यसम्पादनमा प्रतिकूल असर पर्ने गरी संसद्मा कुनै पनि टीकाटिप्पणी हुन नदिने प्रबन्ध मिलाउन र सोहीबमोजिम 'रुलिङ' गर्न सभामुखसँग माग गरेको छ ।

## श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु

गुल्मी । गुल्मीमा श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु भएको छ । जिल्लाको इस्मा गाउँपालिका वडा नम्बर ६ साहुघर निवासी ४५ वर्षीय थम्मनबहादुर कुमालले कुटपिट गर्दा उनकी श्रीमती सुमित्रा कुमालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

मङ्गलबार साँझ कुटपिटपछि राति नै सुमित्रालाई उपचारको लागि गुल्मी अस्पताल ल्याइएको थियो । तर अस्पतालले राति १२ बजे मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी गङ्गा सारुले जानकारी दिए ।

मृतक सुमित्राको मुखमा र घाँटीमा चोट लागेको थियो भने छातीका सातवटा करङ भाँचिएको अस्पतालको प्रतिवेदनमा उल्लेख छ । मादक पदार्थ सेवनबाट उक्त घटना घटेको प्रहरीले जनाएको छ । अहिले थम्मनलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको छ ।

## ट्राफिक कारबाहीमा एकैदिन २० लाख ३१ हजार राजस्व सङ्कलन

बुटवल । बितेका २४ घण्टामा एक  हजार ६८७ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु २० लाख ३१ हजार ५०६ राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ८५, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६३,  सङ्केत बत्ती उल्लङ्घनकर्ता १४२ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका ११७ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ६६, निषेधित क्षेत्रमा हर्न बजाउने ८६, सडक पेटीमा सवारीसाधन पार्किङ् गर्ने ९८, एकतर्फी सडकमा सवारी चलाउने १२१ र अन्य सवारी नियम पालना नगरेका ८०४ जनालाई कारबाही गरिएको हो ।

## उत्कृष्ट नगरपालिकाको दयनीय सरकारी विद्यालय

तिलोत्तमा । अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त र देशभर चर्चा कमाएको तिलोत्तमा नगरपालिकाको एक सामुदायिक विद्यालयको दयनीय भौतिक पूर्वाधारले उत्कृष्ट नगरपालिकालाई नै गिज्याएको छ ।

रुपन्देहीको तिलोत्तमा वडा नं. १० कान्छीबजारको जनहित मावि जीर्ण भौतिक पूर्वाधार र शिक्षक दरबन्दी अभावको दोहोरो चपेटामा परेको छ ।

२०३२ सालमा स्थापना भएको यो विद्यालयमा हाल करिब ८ सयजना विद्यार्थी अध्ययन गर्छन् । तर अधिकांश विद्यार्थी झ्यालका ढोका  समेत नभएका टिनले छाएको टहराका जीर्ण कक्षा कोठामा बसेर बढ्न बाध्य छन् ।




कक्षा कोठाको भौतिक पूर्वाधार बालमैत्री नहुँदा गर्मीमा टिनको छानो तातेर बालबालिका र शिक्षक दुबैलाई असर गरेको छ । यसैगरी अलि ठूलो पानी पर्दा टिनको आवाज र झ्यालबाट कक्षा कोठासम्म पानीका बाछिटा जाँदा कक्षा कोठाको पढाई नै प्रभावित हुने गरेको विद्यार्थी र शिक्षकको गुनासो छ ।

हावा हुरी आउँदा पनि टिनको छानो र टिनकै झ्याल भएकाले ध्वनी प्रदूषण भएर पढाई प्रभावित हुने गरेको छ ।

विद्यालयका प्रधानाध्यापक रामनारायण चौधरीले टिनले छाएका कक्षा कोठामा विद्यार्थी राखेर पढाउनु पर्दा निकै गाह्रो भएको गुनासो गरे । गर्मीमा टिनको छानाले थप गर्मी गराउने र जाडोमा खुला झ्यालबाट चीसो हावा कक्षा कोठामा आउने र टिनले पनि चीसो बनाउने कारण विद्यार्थीको स्वास्थ्य र पढाईमा नराम्रो असर गरेको प्रधानाध्यापक चौधरीले बताए । बदलिंदो परिवेश अनुसार टिनले छाएको टहरामा कक्षा कोठामा अब प्रधानाध्यापक चौधरीले विद्यालयमा तत्काल कम्तीमा १८ वटा कक्षा कोठाको आवश्यकता भएकाले स्थानीय, प्रदेश र संघीय सरकारको ध्यान जानुपर्ने माग गरे ।

प्रधानाध्यापक चौधरीका अनुसार विद्यालयमा ८ जना प्रावि तहको स्थायी, ७ जना राहत गरी १५ जना मात्र दरबन्दी रहेको र २५ जना निजी स्रोतका शिक्षक रहेका छन् ।

विद्यार्थी संख्याको अनुपातमा मावि तहसम्म शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने विद्यालयको माग छ ।

विद्यालयका सहायक प्रधानाध्यापक हिम केसीले अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त र देशभर ख्याति कमाएको नगरपालिकाको विद्यालयको भौतिक पूर्वाधार दयनीय  हुनु लज्जाको विषय भएको बताए ।

दयनीय भौतिक पुर्वाधार प्रति तीनै तहका सरकारको ध्यान जान नसकेको केसीले गुनासो गरे ।

विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अंग्रेजी र नेपाली दुबै माध्यममा पढाई हुने गरेको छ । यस्तै छुट्टै पक्की भवनमा मन्टेश्वरी कक्षा पनि सञ्चालनमा छ ।  मन्टेश्वरीमा करिब २५० जना विद्यार्थी पढ्ने गरेका छन् । तीमध्ये ९० प्रतिशत विद्यार्थी सोही विद्यालयमा कक्षा १ मा भर्ना  हुने गरेका छन् । विद्यालयको जग्गामा सञ्चान हुने हाटबजार र केही व्यवसायिक सटरको भाडावापत आउने आम्दानीबाट निजी स्रोतका शिक्षकलाई तलब दिन गरिएको सहायक प्रधानाध्यापक केसीले बताए ।

न्यून आम्दानीका कारण शिक्षकलाई सन्तोषजनक तलब दिन नसक्ने बाध्यता रहेको विद्यालयले जनाएको छ ।

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेको गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com